# पूर्वखोला गाउँपालिका

Purbakhola Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

Office of the Rural Municipal Executive

पूर्वखोला, पाल्पा
Purbakhola, Palpa
५ नं. प्रदेश, नेपाल
5 No. Province, Nepal

पत्र संख्या/Letter No.: ०७६/७७

मितिः२०७७।०२।२०

चलानी नं./Ref. No.: ९५८

विषयः तेस्रो चौमासिक निकासाको लागि माग फाराम पेश गर्ने सम्बन्धमा।

श्री सामुदायिक विद्यालय सबै
पूर्वखोला गाउँपालिका पाल्पा

प्रस्तुत विषयमा यस गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा कार्यरत शिक्षक, विद्यालय कर्मचारी, बालविकास शिक्षकहरुको अन्तिम चौमासिक तलबभत्ता निकासा प्रयोजनका लागि माग फारम तपसिल वमोजिमका कागजातहरु सहित मिति २०७७।०३।०५ गते भित्रमा यस गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा पेश गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

१. माग फारमको कुल रकम खुलाई रकम माग गरेको निवेदन,
२. चैत महिनाको छुट्टै र बाँकी तीन महिनाको एउटैमा हुने गरी चौमासिक माग फारम,
३. २०७६ मंसिर देखि फाल्गुन सम्मको प्रमाणित हाजिरी,
४. अघिल्लो चौमासिकको तलबी भर्पाई,
५. अघिल्लो चौमासिक तलब भत्ता बापतको कर कट्टी बैंक दाखिला भौचरको प्रमाणित प्रतिलिपि,
६. अघिल्लो चौमासिक आय व्यय प्रतिवेदन,
७. नागरिक लगानी कोष र कर्मचारी संचय कोष भौचरको प्रमाणित प्रतिलिपि,
८. नयाँ नियुक्ति भएमा नियुक्ति भएको पत्र र छाडेको अवकास भएमा रमाना, राजिनामा वा अवकास पत्र,
९. आ.व. २०७५।७६ को लेखा परीक्षण प्रतिवेदन (बुझाउन बाँकी विद्यालयहरले),
१०. शैक्षिक सत्र २०७६ को सिकाई उपलब्धि,
११. निजी स्रोतका शिक्षक तथा गाउँपालिका बाट सहयोग अनुदान (बालविकास, विद्यालय सहयोगी, विद्यालय सहायक, दरवन्दी विहिन आ.वि. लगायत अन्य शिक्षक) हरुको सम्पुर्ण कागजातहरु संलग्न गरी छुट्टै निवेदन साथ माग फाराम पेश गर्नुहोला।
१२. यो सूचना अगाबै प्राप्त भएका माग फारमहरु को हकमा माथि उल्लेखित विवरण छुट भएको भए तोकिएको मिति सम्म पुनः पेश गर्नु हुन समेत अनुरोध गरिन्छ।

०७७/२/२०

रुद्र बहादुर पछाई
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः- श्री शिक्षा-युवा तथा खेलकुद शाखा, सम्पूर्ण विद्यालयहरुको माग फाराम संकलन गरी मिति २०७७।०३।१० भित्र तलब निकासाको लागि सिफारिस गर्नु हुन।